# खुम्बु पासाङल्हामु गाउँपालिका

## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरिखर्क, सोलुखुम्बु कोशी प्रदेश नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province Nepal


## गाई गोरु तथा भैँसिमा देखिने लम्पी स्किन रोग सम्बन्धी सम्पूर्ण कृषक वर्गहरुमा सूचना ।।।

(प्रकाशित मिति: २०८०।०४।२१ गते)

यस खुम्बु पासाङल्हामु गाउँपालिकाभित्रका विभिन्न वडामा कृषकहरुद्धारा पालिएका गाई, गोरु, तथा झोप्केहरुमा एक प्रकारको भाइरसबाट लाग्ने लम्पी स्किन रोग (Lumpy skin Disease ) तथा उक्त रोगसँग मिल्दो जुल्दो लक्षणहरु सहितको प्रकोप देखिएको हुँदा यस गाउँपालिकाभित्रका कृषकहरुलाई आवश्यक सहजकता अपनाउनुहुन हार्दिक अनुरोध गर्दछौ ।

**रोगका लक्षणहरु**

- पशुहरुमा उच्च ज्वारो आउने,
- घाँसँपानी नखाने, झोक्राउने, नाक र आँखाबाट सिँगान तथा चिप्राहरु बगाउने र क्रमस: दुब्लाउदै जाने,
- घाँटी, ढाड, पेट थुन वरिपरिका छालामा गिर्खाहरु देखिने तथा गोरुहरुमा अण्डकोष सुन्निने,
- खुट्टा सुन्निने तथा टेक्न असहज मानी लङ्गडोपन भएजस्तो देखिने,
- दुध उत्पादनमा एकाएक उल्लेखनिय कमि आउने,
- गर्भ तुहिने लगायतका समस्या देखिने र अन्त्यमा पशुहरुको मृत्यु समेत हुने ।

**रोग सर्ने माध्यमहरु**

- संक्रमित पशुहरुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्क
- लामखुट्टे, किर्ना, झिगाँ, भुसुना आदिको टोकाई,
- संक्रमित गोठबाट आएका मानिसहरु ।

**उपचार तथा रोकथामका उपायहरु:**

- गोठको वरिपरि पानी जम्न नदिने तथा पशुहरुलाई भुसुना, लामखुट्टे आदिको टोकाईबाट बचाउन सरसफाईमा विशेष ध्यान दिने,
- संक्रमित क्षेत्रबाट पशुचौपायाहरुको ओसार पसार नगर्ने,
- जैविक सुरक्षाको उपायहरु अवलम्बन गर्ने,
- लक्षण देखिएका चौपायाहरुको बथानबाट अलग्गै राख्ने ।

पुनश्च: यस रोगको ठोस उपचार हाल सम्म पत्ता नलागेको हुँदा पशुसेवा प्राविधिकको सल्लाह बमोजिम लक्षण अनुसारको उपचारका लागि आवश्यक सल्लाह लिई हाल गाँउपालिकाको विभिन्न ठाउँमा खोप अभियान सञ्चालन भईरहेको हुदा गाउँपालिकाबाट आउने पशु चिकित्सक पशु प्राविधिकहरुलाई आवश्यक सहजिकरण गर्नुहुन समेत अनुरोध गर्दछौं ।

सम्पर्क नं. ९८६३७६८२७५, ९८४१८५२६५१

(मोहन प्रसाद चापाँगाई)
प्रमुख प्रशासकिय अधिकृत


Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np

Phone: +97738590046